नेपाल सरकार

राष्ट्रिय योजना आयोगको सचिवालय

# केन्द्रीय तथ्याङ्क विभाग

थापाथली, काठमाडौं ।

**Aluminium Partition Work & Maintenance Work, Compound wall Maintenance & interlock tile in Parking Area Work and Interlock tile in Parking Area & Maintenance Work निर्माण गर्ने सिलबन्दी बोलपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७४/१०/१२

यस विभागले चालु आ.व. २०७४/०७५ मा Aluminium Partition Work & Maintenance Work, Compound wall Maintenance & interlock tile in Parking Area Work and Interlock tile in Parking Area & Maintenance Work निर्माण गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट तपसिलको शर्तहरुको अधीनमा रही रित पूर्वकको सिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

**तपसिल**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र इच्छुक फर्म, कम्पनी, सप्लायर्स वा निजको प्रतिनिधिले निवेदन साथ व्यवसायदर्ता प्रमाणपत्र, नविकरण भएको इजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७३/०७४ सम्मको कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु साथ राखी कामको विवरण अनुसारको बोलपत्र दस्तुर रु. ३,०००/- रुपैया (पछि फिर्ता नहुने गरी) यस विभागमा नगद दाखिला गरी बोलपत्र फारम स्टोर शाखाबाट प्राप्त गर्न सकिनेछ । साथै उक्त कागजातहरु सिलवन्दी दरभाउपत्र साथ नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

२. बोलपत्रदाताले जमानत बापत उल्लेखित कामको विवरण अनुसारको रकम यस विभागको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको स.अ. धरौटी खाता नं. १२०-१२०-०००१-००२५२४ कार्यालयको कोड नं. २७-३९१-०१ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस विभागको नाममा जारी गरिएको १२० दिन सम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको विडवण्ड पेश गर्नुपर्नेछ ।

३. बोलपत्र स्वीकृत भएमा बोलपत्रदाताले कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी बापतको रकमको बैंक भौचर वा यस विभागको नाउँमा जारी गरिएको कम्तिमा १८० दिन म्याद भएको कार्य सम्पादन जमानत (परफरमेन्स बण्ड) पेश गर्नुपर्नेछ ।

४. बोलपत्रमा प्रति एकाई दररेट अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

५. सिलबन्दी बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेभित्र यस विभागको जिन्सी शाखामा दर्ता गराइ सक्नुपर्नेछ । दर्ता हुन आएको सिलबन्दी बोलपत्र फाराम सोही दिन दिनको २.०० बजे सिलबन्दी बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि वा निजहरु उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस विभागमा खोलिनेछ ।

६. सिलबन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदापछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

७. प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा हुनेछ । म्याद नाघी आएको, रित नपुगेको वा शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वघोषित पत्र पेश गर्नुपर्नेछ ।

९. बजेटको पर्याप्तता हेरी संख्यामा घटबढ हुन सक्नेछ ।

१०. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचनाबमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ ।

११. यस सम्बन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समयभित्र यस विभागको जिन्सी शाखा वा आन्तरिक प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

**तपशिलः**

| बोलपत्र नं. | कार्यको विवरण | बोलपत्रदाताको दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| ८/०७४/०७५ | Aluminium Partition Work & Maintenance Work, Compound wall Maintenance & interlock tile in Parking Area Work and Interlock tile in Parking Area & Maintenance Work गर्ने | रु. ३०००/- | रु .६८,०००/- | |